# एन.बि. ईन्सुरेन्स कम्पनी लिमिटेडको

## नवौ, दशौ, एघारौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट

### अध्यक्ष श्री जित बहादुर श्रेष्ठद्धारा प्रस्तुत

### वार्षिक प्रतिवेदन

यस कम्पनीको नवौ, दशौ, एघारौ वार्षिक साधारण सभामा यस कम्पनीका सम्पूर्ण शेयरधनीज्यूहरुमा संचालक समिति र आफ्नै तर्फवाट हार्दिक स्वागत गर्दछु ।

शेयरधनीमहानुभावहरु,

निश्चयपनि साधारण सभा गर्न विलम्ब हुन गएको छ । नवौ, दशौ वार्षिक साधारण सभा गर्न पांच, छ महिना अगावै नै सबै तयारी भइसकेपनि सोहि समयमा आ.ब. २०६४।६५ को लेखापरीक्षणसमेत भैसकेको हुंदा सो वर्षको सभा पनि संगसंगै गर्ने उद्देश्य राखिएको र सो क्रममा बीमा समितिले वित्तिय विवरणको ढांचामा नयां व्यवस्था गरेको र सोहि अनुरुप वित्तिय विवरण तयार गरी स्विकृती लिने क्रममा केहि विलम्व भएकोले सो वर्षको समेत विवरण राखी यस सभामा पेश गरेका छौ । आ.ब.२०६४।६५ को साधारण सभा गर्ने हामी पहिलो निर्जीबन बीमा कम्पनी भएका छौ र आगामी वर्ष देखि समयमानै सभा सम्पन्न गर्ने विश्वास दिलाउन चाहन्छौ । कम्पनीको व्यवस्थापनमा परिवर्तनका कारणले समेत लेखा परीक्षणमा केही विलम्ब हुन गई वार्षिक साधारण सभा गर्न केहि ढिला भएको व्यहोरा समेत जानकारी गराउंदछौं ।

आ.व. ०६२।०६३, ०६३।०६४, ०६४।०६५ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको प्रश्तुत वार्षिक प्रतिवेदन यहाँहरुलाई पठाईएको हूनाले त्यसमा यहाँहरुवाट आवश्यक अध्ययन भएकै छ भन्ने ठानेको छु । यहाँहरुको जानकारी तथा निर्णयार्थ पून: प्रश्तूत गर्ने अनुमती चाहन्छु ।

## बिगत वर्षको कारोवारको सिंहावलोकन :

शेयरधनीमहानूभावहरु,

यस कम्पनीले अघिल्लो वर्षको तूलनामा उल्लेखनीय उपलब्धि हासिल गरी प्रिमियम आम्दानीमा वृद्धि हून गएको छ । प्रिमियम आम्दानीको क्षेत्रगत स्थिति निम्नानुसार रहेको छ:

(रकम रु. हजारमा)

| क्षेत्र | आ.व. ०६२।६३ | आ.व. ०६३।०६४ | आ.व. ०६४।०६५ |
|---|---|---|---|
| अग्नि बीमावाट | रु.१,६२,७९ | रु.९९,७० | रु.७६,६८ |
| सामूद्रिक बीमावाट | रु.२३,२१ | रु.१३,४५ | रु.१३,४८ |
| मोटर बीमावाट | रु.९,५२,५८ | रु.४१,०३७ | रु.२,२४,१० |
| ईन्जिनियरिङ्ग बीमावाट | रु.७६,८२ | रु.७२,८२ | रु.६,३६ |
| विविध बीमावाट | रु.३,००,७१ | रु.१०,२९६ | रु.५६,५९ |
| **जम्मा** | **रु.१५,१६,११** | **रु.६,९९,३०** | **रु.३,७७,२१** |

* (लेखा परीक्षण हुन बाँकी)

बीमा वजारको प्रतिस्पर्धात्मक स्थिति तथा देश आर्थिक मन्दीले प्रभावित रहेको अवस्थामा कम्पनीले व्यवस्थापकिय क्षमताको सूदृढीकरण गरी नयाँ बीमा सेवाहरु प्रदान गर्ने र कारोवारको अभिवृद्धि गर्ने प्रयासमा संचालक समिति र व्यवस्थापन प्रयत्नशिल रहेको छ ।

माथिल्लो व्यवस्थापनमा थप अनुभबी जनशक्ति व्यवस्था गरेका छौ सोहि क्रममा बीमा क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएको ब्यक्तिले महाप्रबन्धकको जिम्मेवारी सम्हाल्नु भएको छ र वहाँको अगुवाईमा यस कम्पनीले विगतको तुलनामा लक्ष्य अनुरुप प्रगती हासील गर्दै गएको छ ।

<u>चालु वर्षको उपलब्धि र भविश्यका सम्वन्धमा संचालक समितिको धारणा</u>

राष्ट्रिय आर्थिक गतिविधी तथा हाल विश्व अर्थतन्त्रमा विगत केही वर्ष देखिको राष्ट्रिय तथा अन्तराष्ट्रिय आर्थिक मन्दीवाट सृजित असहज परिस्थितीहरुमा पनि यस कम्पनीले चालु वर्षमा निम्नानुसार प्रगति हासिल गरेको देखिन्छ ।

(रकम रु. हजारमा)

| क्षेत्र | आ.व. ०६४।०६५(रु) (प्रथम ६ महिनामा) | आ.व. ०६५।०६६* (रु.) (प्रथम ६ महिनामा) |
|---|---|---|
| अग्नि बीमावाट | रु.३७,१९ | रु.७५,९० |
| सामूद्रिक बीमावाट | रु.६,३४ | रु.४,१० |
| मोटर बीमावाट | रु.१,१७,६५ | रु.२,८०,८१ |
| ईन्जिनियरिङ्ग बीमावाट | रु.३,०२ | रु.२५,९३ |
| विविध बीमावाट | रु.२६,८८ | रु.९३,१३ |

| | | |
|---|---|---|
| **जम्मा** | रु.१,९१,०८ | रु.४,७९,८७ |

* लेखा परीक्षण हुन बाँकी

बीमा बजारको प्रतिस्पर्धात्मक अवस्थाले गर्दा यस अवधिको उपलब्धीबाट मात्र सन्तोष लिने अवस्था छैन । तसर्थ आफ्ना सबै कारोबारमा अभिबृद्धि गरी यस चालु आ.ब.मा रु. ११,५०,००,०००।०० प्रिमियम पु-याउने लक्ष्यमा हामी कृयासिल छौ र सो लक्ष्य पूरा हूने बिस्वास लिएका छौ । भविश्यमा जोखिमरहित क्षेत्रहरुको पहिचान गरी बीमाशूल्क आर्जनमा अभिबृद्धि गर्ने, लगानी व्यवस्थापन गरी नाफामा बृद्धि गर्ने लक्ष्यहरु लिएका छौ ।

शेयरधनी महानूभावहरु,

कम्पनीले वहन गरेको दायित्व वापत दावी भूक्तानी विवरण निम्नानूसार रहेको व्यहोरा जानकारी गराउदछौ ।

(रकम रु. हजारमा)

| क्षेत्र | आ.व. ०६४।०६५(रु) (प्रथम ६ महिनामा) | आ.व. ०६५।०६६*(रु.) (प्रथम ६ महिनामा) * |
|---|---|---|
| अग्नि बीमा | रु.१०,५३ | रु.३,८२ |
| सामूद्रिक बीमा | रु २२ | रु.१,४५ |
| मोटर बीमा | रु.१,३०,९४ | रु.१,४५,२८ |
| ईन्जिनियरिङ्ग बीमा | रु.२,५० | रु.१,०१,१६ |
| विविध बीमा | रु.२५,८३ | रु.१०,९३ |
| **जम्मा** | **रु.१,७०,०२** | **रु.२,६२,६४** |
| **कुल प्रिमियममा दावी भूक्तानीको प्रतिशत** | **८८.९७** | **५४.७३** |

* लेखा परीक्षण हुन बाँकी

आ.ब.२०६४।६५ मा बीमा दावी वापत भूक्तानी गनुपर्ने अनुमानित दायित्व रु.७,०६,९५,१८१।०० रहेकोमा आ.ब. २०६५।६६ माघ मसान्तसम्ममा अनुमानित रु. ३,९६,८४,८९७।०० रहेको छ ।

## औद्योगिक र ब्याबसायिक सम्बन्ध :

कम्पनीले आफनो कारोवार राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा ख्याती कमाएका पूनर्विमक संग पूनर्विमा गराएको तथा कम्पनीले देशका सबै क्षेत्रबाट कारोबार प्राप्त गरी रहेकोले देशका उद्योगी ब्यबसायी माफ कम्पनीको ब्याबसायिक सम्बन्ध पनि सुमधुर हूदै गएको छ ।

## संचालक समितिमा भएको हेरफेर:

यस कम्पनीको संचालक समितिबाट संचालक श्री सुवर्ण दाश तुलाधर र श्री रविन्द्र कुमार घिमिरेले राजिनामा दिनुभई वहांहरुको राजिनामा स्विकृत भएको छ । संचालक समितिमा श्री अमृत नाथ रेग्मी र श्री व्यास कुमार शर्मा नयाँ संचालक नियुक्त हुनुभएको छ । त्यसैगरी नेपाल बंगलादेश बैंक लि. को तर्फबाट श्री सुधिर कुमार शर्माले प्रतिनिधित्व गरीरहनुभएकोमा उक्त बैंकमा ब्यवस्थापन परीवर्तन भइ वहाँ संचालक समितिमा नरहनुभएको र उक्त बैंकबाट प्रतिनिधि तोकिन बाँकी रहेको छ । आगामी कार्यकालका लागी यसै सभाबाट यहाँहरुले संचालक निर्वाचित गर्नु हुनेनैछ । कम्पनीको प्रगतिमा साविकमा रहनु भएका संचालकहरुले हालसम्म पुरयाउनुभएको योगदानको उच्च मूल्यांङ्कन गर्दै भविश्यमा पनि यस्तै योगदानको अपेक्षा सहित हार्दिक धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

## कारोबारलाई असर पार्ने मुख्य कुराहरु:

शेयरधनीमहानुभावहरु,

बीमा कम्पनीहरुको संख्यात्मक बृद्धि, औद्योगिक ब्याबसायिक कारोबारमा सिथिलता, अर्थतन्त्रको कमजोर अवस्थामा निरन्तरता रहनु जस्ता चुनौती एकातिर छन भने अर्कातिर बीमा ब्यबसायलाई बित्तिय बचत परिचालन गर्ने शसक्त माध्यम को रुपमा बिकास गर्ने, आर्थिक सामाजिक सुरक्षा प्रदान गर्ने ब्यबसायको रुपमा सूदृढ गर्ने, प्रतिस्पर्धात्मक एवं विश्वसनिय लगानी क्षेत्रको रुपमा बिकास एवं बिस्तार गर्ने, र बिकास परियोजनाको लागी आबश्यक पर्ने दिर्घकालिन पूँजी परिचालनलाई प्रोत्साहन गर्ने जस्ता बीमा क्षेत्रको सरकारी रणनीति रहेता पनि तिनको कार्यान्वयनमा सुस्तता कायमै रहेका कारण बीमा ब्यबसायले अपेक्षित गति लिन सकेको छैन जसले बीमा कारोबारको अनुपातिक बृद्धिको साटो भएकै कारोबारमा तानातान कायमै छ । जसको अनुपातिक असर हामीलाई पनि परेको छ ।

## लेखापरीक्षण प्रतिबेदन दिदा लेखा परीक्षकले दिएका सूझाब सम्बन्धमा संचालक समितिको प्रतिकृया:

शेयरधनीमहानुभावहरु,

लेखापरीक्षकले लेखा परीक्षण प्रतिबेदन दिदा औंल्याएका सूझाब सम्बन्धमा लेखापरिक्षकलाई सुधारात्मक उपाए अबलम्बन गर्ने सम्बन्धमा लिखित प्रतिकृया दिएका छौ । सो मा संन्तुष्ट भै लेखा परिक्षकले संलग्न अन्तिम प्रतिबेदन दिनु भएको ब्यहोरा जानकारी गराउदछौं । अन्य कुनै कैफियत औल्याउनू भएको छैन ।

## नाफा नोक्सान बाँडफाँड:

शेयरधनी महानूभाबहरु,

समिक्षा वर्षहरुको नाफा नोक्सान बाँडफाँड निम्नानुसार छ ।

(रकम रु. हजारमा)

| शीर्षक | आ.व. २०६२/०६३ | आ.व. २०६३/०६४ | आ.व. २०६४/०६५ |
|---|---|---|---|
| कुल नाफा/(नोक्सान) | रु.(२,११,७६) | रु.(६,४१,८८) | रु.६२,४४ |
| जगेडा कोष | | | (रु.३५,३८) |
| आयकर व्यवस्था | | | (रु.१५,०६) |
| खुद नाफा/(नोक्सान) | रु.(२,११,७६) | रु.(६,४१,८८) | रु.१२,०० |
| वासलातमा सार्ने रकम | रु.(२,११,७६) | रु.(६,४१,८८) | रु.१२,०० |

## लेखा परीक्षक नियुक्ति सिफारिस सम्बन्धमा :

शेयरधनी महानूभाबहरु,

कम्पनीका हालका लेखा परीक्षक आगामी कार्यकालका लागि समेत योग्य रहनु भएकोले वहालाई नै आ.ब.२०६५।०६६ का लागि लेखा परीक्षकमा नियुक्ती गर्न यस कम्पनीको लेखा परीक्षण समितिले सिफारिस गरेको छ ।

## पूँजी बृद्धि हकप्रद शेयर जारी गर्ने लगायत अन्य विषयमा प्रबन्ध पत्र तथा नियमावलीमा संशोधनको रणनीतिक तथा बिशेष प्रस्ताव

विगत वर्षमा कम्पनी नोक्सानमा रहेकोले पूँजीकोष पर्याप्तताको लागि बीमा समितिको निर्देशन समेत र कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम रणनीतिक प्रस्ताव अन्तर्गत पूँजी बृद्धि गरी २:१ अनुपातमा हकप्रद शेयर जारी गर्न र सो अनुरुप पूँजी कायम गर्न जारी पूँजी रु.१५ करोड र चूक्ता पूँजी रु.१५ करोड पुरयाउने र २:१ अनुपातमा हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताब पेश गरेका छौ ।

त्यसैगरी कम्पनी ऐन २०६३ बमोजिम स्वतन्त्र संचालकको समेत व्यवस्था गर्नुपर्ने भइ संचालक समितिको संरचनामा फेरबदल गर्ने र तदअनुकुल हूनेगरी प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक अन्य संशोधन समेत गर्ने विशेष प्रस्ताव पनि यसै सभामा पेश गरेका छौ, सो यहाँहरुबाट पारित हूनेनैछ ।

अन्तमा,
यस कम्पनीको संचालनमा सरिक शेयरधनी महानूभाबहरु, कम्पनीका शूभेच्छूक बर्ग, बीमा समिति, सम्बन्धीत बैक एवं बित्तिय संस्था, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, पूनर्बीमकहरु, कम्पनीका लगनसिल कर्मचारी बर्गबाट बिगतमाफै निरन्तर सहयोग प्राप्त भई रहने अपेक्षा गर्दे हाल सम्मको सहयोगका लागि धन्यवाद दिन चाहन्छौ ।

धन्यवाद ।